# राष्ट्रिय बीमा संस्थान

रा.बी.सं. भवन, रामशाह पथ
पत्र मञ्जुषा नं. ५२७, काठमाडौं, नेपाल।
फोन नं.:-४२६२५२० (हन्टिङ लाईन) फ्याक्स नं.:-००९७७-१-४२६२६१०
ईमेल: beema@wlink.com.np

## खुला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्ने सम्वन्धि सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७५/०३/२२गते)

श्री लोक सेवा आयोगको मिति २०७५।२।३१ गतेको सहमति तथा यस संस्थानको निर्णयानुसार राष्ट्रिय बीमा संस्थानमा रिक्त रहेका देहायका पदहरुमा खुला प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपुर्ति गर्नुपर्ने भएकोले तपसिलको योग्यता पुगेका संस्थानले खटाएको जुनसुकै शाखा कार्यालयमा कार्य गर्न इच्छुक तथा फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित नभएको योग्य नेपाली नागरिकले आफुले प्राप्त गरेको नागरिकताको प्रमाणपत्र,एस.एल.सी. वा सो सरह र सो भन्दा माथिको शैक्षिक योग्यताको प्रमाणपत्र, ट्रान्सकृप्ट तथा चारित्रिक प्रमाणपत्रको स्वयं प्रमाणित प्रतिलिपी र हालसालै खिचेको पासपोर्ट साईजको ३ (तीन) प्रति फोटो र तोकिएको दस्तुर सहित समावेशी तर्फको समूह समेत खुलाई यो सूचना गोरखापत्र दैनिकमा प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र र दोव्वर दस्तुर तिरी पहिलो म्याद समाप्त भएको मितिले ७ दिनभित्र रितपूर्वक दरखास्त फाराम भरी यस संस्थानको प्रधान कार्यालय, जनशक्ति व्यवस्थापन विभागमा बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ। विदेशी विश्वविद्यालय वा परीक्षा बोर्डबाट शैक्षिक प्रमाणपत्र प्राप्त गरेका उम्मेदवारहरुले सम्वन्धित निकायबाट समकक्षताको प्रमाणपत्र पेश गर्नुपर्नेछ। बहालवाला स्थायी कर्मचारी भएमा कार्यरत संस्थाको विभागीय स्वीकृती पेश गर्नु पर्नेछ।

| विज्ञापन नं. | पद | तह | समूह | संख्या | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| २०७४/७५/१ | सहायक व्यवस्थापक | ६ | खुला | ७ | मान्यताप्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन,अर्थशास्त्र, बीमा र कानुन मध्ये कुनै एक विषय(संकाय)मा स्नातकोत्तर तह उतिर्ण गरेको। |
| | | | महिला | १ | |
| | | | आ.ज. | १ | |
| | | | मधेशी | २ | |
| | | | दलित | १ | |
| | | | अपाङ्ग | | |
| २०७४/७५/२ | सहायक "ख" | ४ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन,अर्थशास्त्र,बीमा र कानून मध्ये कुनै एक विषय(संकाय)मा स्नातक तह उतिर्ण गरेको। |

१. सेवाको किसिम : स्थायी।

२. तलब तथा सुविधा : यस संस्थानको नियमानुसार(संशोधन लागु हुनेछ)।

३. उमेरको हद : दरखास्त दिने अन्तिम मितिसम्म तह ६ को पदका लागि २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको। तह ४ को पदका लागि १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको। तर महिला उम्मेदवारको हकमा माथिल्लो उमेर हदमा पाँच वर्ष थप हुनेछ। यस संस्थानमा कार्यरत स्थायी कर्मचारीलाई उल्लेखित उमेरको माथिल्लो हद लाग्ने छैन।

४. परीक्षण काल : १ वर्ष।

५. परीक्षाको किसिम : लिखित तथा अर्न्तवार्ता।

६. अन्य सेवा र शर्त : राष्ट्रिय बीमा संस्थान कर्मचारी नियमावली बमोजिम हुनेछ।

# राष्ट्रिय बीमा संस्थान

रा.बी.सं. भवन, रामशाह पथ
पत्र मञ्जुषा नं. ५२७, काठमाडौं, नेपाल ।
फोन नं.:-४२६२५२० (हण्टिङ लाईन) फ्याक्स नं.:-००९७७-१-४२६२६१०
ईमेल: beema@wlink.com.np


| | | |
|---|---|---|
| ७. दरखास्त फाराम पाइने तथा बुझाउने स्थान | : | संस्थानको प्रधान कार्यालय, जनशक्ति व्यवस्थापन विभाग, रामशाहपथ, काठमाडौं । दरखास्त फारम यस संस्थानको website: http//www.beema.com.np बाट Download गर्न सकिनेछ । |
| ८. दरखास्त बुझाउने अन्तिम मिति | : | यो सूचना गोरखापत्र दैनिकमा प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन (२०७५/०४/२१) गतेभित्र र दोव्वर दस्तुर तिरी पहिलो म्याद समाप्त भएको मितिले ७ दिन (मिति २०७४।४।२८) गतेभित्र दरखास्त बुझाउन सकिनेछ । |
| ९. दरखास्त फारम शुल्क | : | रु. १००/- (एक सय) । यस संस्थानको website बाट Download गरेको दरखास्त फारामको हकमा समेत सोही बमोजिम शुल्क जम्मा गर्नुपर्नेछ । |
| १०. परीक्षा शुल्क | : | तह-६ को लागि रु. ८००/- (आठ सय) । तह ४ का पदका लागि रु. ५००/- (पाँच सय) । |
| ११. समावेशी समूहका लागि थप शुल्क | : | तह-६ का पदका लागि समूह पिच्छे रु.३००/- (तीन सय) । |
| १२. परीक्षा हुने मिति र केन्द्र | : | उपरोक्त पदहरुको लिखित परीक्षा लोक सेवा आयोगवाट संचालन हुनेछ । लिखित परीक्षा हुने मिति र परीक्षा केन्द्र पछि प्रकाशित गरिनेछ । |

द्रष्टव्य:

क) शुल्कको हकमा तोकिए बमोजिमको दरखास्त फाराम, परीक्षा र समावेशी शुल्क संस्थानको कृषि विकास बैंक लिमिटेडको चल्ती खाता नं. ०१००२००००२८६६८०१२ मा जम्मा गरी सोको भौचर दरखास्त फारामका साथ पेश गर्नुपर्नेछ । रकम जम्मा भौचरमा केरमेट नभएको र आवेदनकर्ताको नाम स्पष्ट उल्लेख भएको हुनुपर्नेछ ।

ख) तह ६ सहायक व्यवस्थापक, तह ४ सहायक ख पदको परीक्षामा सफल हुने उम्मेदवारहरुलाई अन्तिम योग्यताक्रमका आधारमा शाखागत रुपमा छनौट सूची प्रदान गरि नियुक्ति गरिनेछ । सुरु नियुक्ति भएको शाखा कार्यालयमा न्यूनतम ५ वर्ष सेवा गर्नुपर्नेछ ।

ग) प्राप्त दरखास्त आंशिक वा पूर्णरुपले कुनै सूचना दिई वा नदिई समेत रद्द गर्न सकिने छ ।

घ) खुला तथा समावेशी तर्फको लागि एउटै दरखास्त पेश गरे पुग्नेछ । साथै समावेशी तर्फ एक भन्दा वढी समूहमा दरखास्त दिने भएमा समुह पिच्छे छुट्टा छुट्टै शुल्क सहित दरखास्त दिनुपर्नेछ । यस संस्थानमा कार्यरत कर्मचारीहरुले पनि सोही बमोजिम आवेदन गर्नुपर्नेछ ।

ङ) उपरोक्त पदहरुको खुला तथा समावेशी समुहको एउटै परीक्षा हुनेछ ।

च) दरखास्त फाराम, पाठ्यक्रम तथा अन्य जानकारीको लागि यस संस्थानको website: http//www.beema.com.npवाट Download गरी हेर्न सकिनेछ ।

पुनश्च:

समावेशी तर्फका आवेदकहरुले पेश गर्नुपर्ने थप कागजातहरु :

क) आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सो सूचीका आधारमा , तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा वढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ ।

# राष्ट्रिय बीमा संस्थान

रा.बी.सं. भवन, रामशाह पथ
पत्र मञ्जुषा नं. ५२७, काठमाडौं, नेपाल ।
फोन नं.:-४२६२५२० (हंटिङ्ग लाईन) फ्याक्स नं.:-००९७७-१-४२६२६१०
ईमेल: beema@wlink.com.np

ख) मधेशीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ ।

ग) दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ ।

सदस्य सचिव
पदपूर्ति समिति
राष्ट्रिय बीमा संस्थान